www.ctevtsolution.com

लोक सेवा आयोग
नेपाल बैंक लिमिटेड/कृषि विकास बैंक लिमिटेड/राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन
चौथो, सहायक/लेखपाल/सहायक (नगद) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०८३।०३।२३

पत्र : प्रथम
समय : २ घण्टा ३० मिनेट
पूर्णाङ्क : १००

विषय : **Banking, Management, Accounting, Mathematics and Information Technology**

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" — ३५ अङ्क

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम बैंकका तोकिएका उद्देश्य हासिल गर्न के-कस्ता काम, कर्तव्य र अधिकारहरू रहन्छन्? उल्लेख गर्नुहोस् । ५
(What are the the tasks, duties and powers associated with achieving the specific objectives of the bank as per the Nepal Rastra Bank Act, 2058? Mention.)

२. बैंकिङ कसूरको परिभाषा दिनुहोस् । बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गत तोकिएका कुनै चार सजायहरू प्रस्तुत गर्नुहोस् । २+३=५
(Define Banking Offence. List any four penalties prescribed under the Banking Offence and Punishment Act, 2064.)

३. विनिमेय अधिकारपत्र ऐन, २०३४ ले कस्तो अवस्थामा विनिमेय अधिकारपत्र अनादर गरिएको मानिने व्यवस्था गरेको छ? वर्णन गर्नुहोस् । ५
(According to Negotiable Instrument Act, 2034, in what situation shall the negotiable instrument be deemed to be dishonoured? Describe.)

४. वित्तीय पहुँच, वित्तीय साक्षरता र वित्तीय समावेशीकरणको अवधारणा स्पष्ट पार्नुहोस् । नेपालले भोगेका वित्तीय पहुँच र वित्तीय साक्षरतासम्बन्धी समस्या औंल्याउँदै तिनको निराकरणका उपायहरू प्रस्तुत गर्नुहोस् । ३+४+३=१०
(Clarify the concepts of Financial Access, Financial Literacy and Financial Inclusion. Point out the problems related to financial access and financial literacy faced by Nepal and present measures to solve those problems.)

५. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार बैंक तथा वित्तीय संस्था स्थापना गर्नुपूर्व के-कस्ता कागजात र प्रक्रिया पूरा गर्नुपर्छ? व्याख्या गर्नुहोस् । ४+६=१०
(According to the Banks and Financial Institutions Act, 2073, what documents and procedures must be completed before establishing banks and financial institutions? Explain.)

### खण्ड "ख" — ३५ अङ्क

६. व्यवस्थापनमा तल्लो तहका व्यवस्थापकको प्रमुख भूमिका तथा कार्यहरू वर्णन गर्नुहोस् । ५
(Describe the main roles and functions of lower level managers in management.)

७. "कर्मचारीहरूलाई उत्प्रेरित गर्न वित्तीय प्रोत्साहनमात्र सधैं पर्याप्त हुँदैन ।" यस भनाइलाई हर्जवर्गको दुई-कारक सिद्धान्तको सन्दर्भमा पुष्टि गर्नुहोस् । ५
("Financial incentives are not always sufficient to motivate employees." Justify this statement in the context of Herzberg's Two-Factor Theory.)

www.ctevtsolution.com

क्रमश:

www.ctevtsolution.com



८. दोहोरो लेखाप्रणाली एकोहोरो लेखाप्रणालीभन्दा किन व्यवस्थित र वैज्ञानिक मानिन्छ? तर्क प्रस्तुत गर्नुहोस् । ५
(Why is Double Entry Accounting System considered more systematic and scientific than the Single Entry Accounting System? Justify.)

९. बैंक तथा वित्तीय संस्थाको नियमित रूपमा अनुगमन किन गर्नुपर्छ? साथै, बैंक तथा वित्तीय संस्थाको अनुगमन गर्दा के-कस्ता विषयहरूमा ध्यान दिनुपर्छ? स्पष्ट पार्नुहोस् । ४+६=१०
(Why should banks and financial institutions be monitored regularly? Also, what issues should be considered when monitoring banks and financial institutions? Clarify.)

१०. आन्तरिक नियन्त्रण, आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणबिचको अन्तरसम्बन्धमाथि प्रकाश पार्दै नेपालको सार्वजनिक क्षेत्रमा लेखापरीक्षणका सन्दर्भमा देखिने प्रमुख समस्याहरू औंल्याउनुहोस् । ६+४=१०
(Highlight the interrelationship between internal control, internal auditing and external auditing and point out the major problems related to auditing in Nepali public sector.)

## खण्ड "ग" — २० अङ्क

११. रू. ५०,००० मा वार्षिक १०% का दरले २ वर्षको चक्रीय ब्याज र साधारण ब्याजबिचको फरक पत्ता लगाउनुहोस् । ५
(Find the difference between compound interest and simple interest on Rs. 50,000 at 10% per annum for 2 years.)

१२. दिपेश र सुमितको तलबको अनुपात २:३ छ । यदि दुबैको तलबमा रू ४००० ले बृद्धि गरियो भने नयाँ अनुपात ४०:५७ हुन्छ । अब सुमितको हालको तलब पत्ता लगाउनुहोस् । ५
(Salaries of Dipesh and Sumit are in the ratio of 2:3. If the salary of each is increased by Rs. 4000, the new ratio becomes 40:57. Find out Sumit's present salary.)

१३. ५/८ + ७/१२ - ३/४ लाई सरल बनाइ दशमलबमा लेख्नुहोस् । ५
(Simplify: 5/8 + 7/12 - 3/4 and express the result in decimal.)

१४. १२ जना कामदारले १५ दिनमा एउटा काम सम्पन्न गर्न सक्छन् । ५ दिनपछि ४ जना कामदार थपिए भने बाँकी काम पूरा गर्न कति दिन लाग्छ? ५
(12 workers can complete a task in 15 days. After working for 5 days, 4 more workers join the team. How many total days will be required to complete the remaining work?)

## खण्ड "घ" — १० अङ्क

१५. सञ्चालन प्रणाली भनेको के हो? संसाधन प्रबन्धकको रूपमा सञ्चालन प्रणालीको भूमिका लेख्नुहोस् । १+४=५
(What is operating system? Write the role of operating system as a resource manager.)

१६. आधुनिक बैंकिङ प्रणालीमा सूचना प्रविधिको भूमिका बयान गर्नुहोस् । ५
(Explain the role of information technology in modern banking systems.)

www.ctevtsolution.com